# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्याः २०८३/८४

### सूचना प्रविधि अधिकृत करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/५/२६**

कुश्मा नगरपालिका नगर कार्यपालिकाको निर्णयानुसार यस कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कुश्मा नगरपालिकाको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | विज्ञापन नं | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ०१-०८३/८४ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको अधिकृत सातौ तह सरह | १ (एक) |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभव**

क) सूचना प्रविधि अधिकृतको योग्यता रा.प तृतिय श्रेणी अधिकृतका लागि लोक सेवा आयोगद्धारा ईलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन ईन्जिनियर वा कम्प्यूटर ईन्जिनियर वा कम्प्यूटर अधिकृत पदका लागि तोकिए बमोजिमको हुनेछ ।

ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा २१ वर्ष पूरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको ।

ङ) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

**२.दरखास्त दिने अन्तिम मितिः** २०८३/६/९ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )

**३. आवेदनको दस्तुरः** रु १२०० (एक हजार दुई सय रुपैया मात्र)

**४. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूचि र लिखित तथा अन्तर्वार्ता

**५.लिखित परीक्षा हुने मितिः** प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

**६.आवेदन साथ संलग्न कागजातहरुः-** नेपाली नागरिकताको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभव भए सोको कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

**७. लिखित परीक्षाको पाठयक्रमः** लोक सेवा आयोगले रा.प. तृतिय श्रेणी कम्प्यूटर अधिकृतको लागि तोकेको पाठयक्रम बमोजिम हुनेछ ।

**८. सेवा सुविधा र शर्तः** स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि २०८२ बमोजिम हुनेछ ।

**९ अन्यः** आवेदनको ढाँचा र पाठयक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कार्यालयको website www.kushmamun.gov.np बाट उपलब्ध हुनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ । यसमा नतोकिएका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत